**मिति २०७८ माघ २३ गते (वि.सं. २०७८।१०।२३) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२६औं बैठकका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.०७८/०७९ को बिनियोजित बजेट तथा कार्यक्रमहरु कोरोना भाईरसका कारण संचालन गर्न समस्या भएकोले नगरस्तरीय योजनाहरु अनुसूचि १ र वडा स्तरीय योजनाहरु अनुसूचि २ मा समावेश गरी रकमान्तर तथा शिर्षकान्तर गरी स्वीकृतीका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिका वडा नं. २ लाई २०७८ फागुन मसान्त भित्र बालश्रम मुक्त वडा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णण नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको आ.ब.२०७६/०७७ मा बसपार्क पुर्वाधार शुलक उठाउने सम्बन्धमा रा.०३/०७६/०७७(५२ सटर) र रा ०५/०७६/०७७ नं. को (टर्मिनल भवन)को ठेक्का ५ वर्षका लागि व्यवस्थापन गर्न मिति २०७६।५।१५ गते सिलबन्दी बोलपत्र आवह्रन गरिएकोमा रित पूर्बक पेश हुन आएका बोलपत्रहरु मध्ये सबै भन्दा बढि अंक बोलकबोल गर्ने धनगढी ४ कैलाली स्थित बुढाथोकी ट्रेड एण्ड सप्लायर्स संग मिति २०७६।०८।०१ गते ठेक्का संझौता भई आ. व. २०७६।०७७ मा ठेक्का चलान गरे पनि आ. व. २०७७।०७८ मा ठेक्का नवीकरण गर्न पटक पटक ताकेता गर्दा पनि संझौता गर्न नआएकोले नगर कार्यपालिकाको बैठकको विभिन्न मितिमा भएको निर्णयका साथै मिति २०७८।१०।०३ गते बसेको कार्यपालिका बैठकको निर्णय अनुसार गठित छानविन समितिले दिएको प्रतिवेदन स्वीकृत गर्दै, कोभिड १९ बाट प्रभावित भई जनजीवन सामान्य नभए सम्मको समय मिति २०७७ श्रावण भदौ, असोज र कार्तिक महिनाको बार्षिक कबोल अंकलाई दामासाहीले हिसाब गरी छुट दिने र उप महानगरपालिकाले मिति २०७७ चैत्र महिना देखि सूचना प्रकासन गरी कारवाही प्रक्रिया अगाडी बढाएको तथ्यलाई दृष्टिगत गरी मंसिर पुष माघ र फागुनको कुल बार्षिक अंक रु.१,०१,००,०००।(एक करोड एक लाख मात्र) लाई मासिक दामासाहीले हिसाब गरी हुन आउने रकम र विद्युत पानीको बक्यौता समेत हिसाब मिलान गरी जम्मा रु.४२,०८,३३४।(बयालिस लाख आठहजार तीनसय चौतिस मात्र) निज बुढाथोकी ट्रेड एण्ड सप्लायर्सलाई आ.व. २०७८।०७९ असार मसान्त सम्म भुक्तानी गर्न कबुलियत नामा गराई हाललाई प्रो. भिम बहादुर बुढाथोकीको नाममा रहेको र यस उपमहानगरपिलिकाले रोक्का गरेको जग्गा फुकुवाको लागि मालपोत कार्यालय तुलसीपुर लाई पत्राचार गरिदिने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख

**मिति २०७८ माघ २३ गते (वि.सं. २०७८।१०।२३) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२६औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ४**

तुलसीपुर उप महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको मिति २०७८।०८।०८ गते प्रकाशित सूचना अनुसार तोकिएको म्याद भित्र पेश हुन आएका बोलपत्र मध्ये रु.२,२३,३१,७८६।- (अक्षरुपि दुई करोड तेइस लाख एकतीस हजार सात सय छयासी रुपैयाँ मात्र) कबोल गर्ने धनगढी ४ कैलाली स्थित बुढाथोकी ट्रेड एण्ड सप्लायर्स सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उल्लिखित बोलपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तुलसीपुर उपमहानगरपालिकाको नगर युवा परिषद सञ्चालन कार्यबिधि ,२०७८ स्वीकृत गर्ने निर्णय गरियो

**निर्णय नं. ६**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको पार्क क्याफे साबिक तुलसीपुर उपमहानगरपालिका वडा नं. १० हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. ३ बस्ने राधा खडका संग संझौता भएको र सोको म्याद २०७८ माघ मसान्तमा समाप्त हुने भएकोले न्यूनतम अंक रु ५ लाख कायम हुने गरी बार्षिक ५ प्रतिशत भाडा दर बृद्धि हुने गरी ५ बर्षका लागि ठेक्का ब्यवस्थापन गर्न १५ दिने सार्बजनिक सूचना आवह्नन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तुलसीपुर उपमहानगरपालिकाका बिभिन्न बस्तुहरुको निकासी कर लगाउने सन्दर्भमा निकासी जन्य बस्तुहरुको बास्तविकता अध्ययन बिश्लेषण गरी ठेक्का ब्यवस्थापन गर्न बार्षिक न्युनतम अंकको समेत हिसाव आउने गरी आगामी कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्न आर्थिक बिकास समितिका संयोजक श्री माधव वली लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तुलसीपुर उपमहानगरपालिकामा फोहरमैला लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यक भएकोले सोको प्रस्तावना तयार गरी नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका बमोजिम संघ,प्रदेश तथा कुनै पनि संघ/संस्था,फर्म, कम्पनी वा ब्यक्ति संग साझेदारीमा काम गर्न सार्बजनिक सूचना आवह्नन गर्ने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

(मिति २०७८।१०।२३ का.पा. १२६ औं बैठक निर्णयहरु)

**मिति २०७८ माघ २३ गते (वि.सं. २०७८।१०।२३) आईतबार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको १२६औं बैठकका निर्णयहरु :**

**निर्णय नं. ९**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।१०।२० च.नं.१४७ को पत्रबाट यस उपमहानगरंपालिका र स्पेनको बिलबाओ नगरपरिषद बीच भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा Memorandum of Understanding(एमओयु) पत्र पठाउने निर्णय गरियो ।

**निर्णय १०**

यस तुलसीपुर उपमहानगरपालिकाको चालु आ.ब. २०७८/०७९ मा संझौता भएका तर रकम प्राप्त नभएका सबै योजनाहरुको प्रगति विवरण र सम्पन्न हुन नसेको कारण समेत खोली सम्बन्धीत योजनाको सम्बन्धीत मन्त्रालयमा रकम मागका लागि सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ११**

यस तुलसीपुर उपमहानगरपालिका भित्र बर्षौ देखि बसोबास गरेका घरबास नभएका गरिव,बिपन्न,दलित,भूमिहिन,सुकुम्बासी लाई सामुदायीक भवन(Community house) निर्माण गरी एकिकृत बसोबास व्यवस्थापनका लागि आवश्यक रकम मागका लागि मन्त्रालयमा तथा राष्ट्रिय योजना आयोगमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. १२**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण बिभागको च.नं.१२०४,मिति२०७८।९।२७ पत्रानुसार ब्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढिकरण आयोजना सञ्चालनका लागि बिभागको समन्वयमा नियुक्त गरिएका एम.आई.आस.अपरेटर २ जना र फिल्ड सहायक १ जना गरी जम्मा ३ जनाको आ.ब.२०७९/०८० को ६ महिनाको पारिश्रमिक यस उपमहानगरपालिका बाट ब्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ मा रहेको साझाबजारमा रहेका २ वटा कोठा हरु यस उपमहानगरपालिकाको मिति २०७८।१०।३ गते बसेको १२४ औं नगरकार्यपालिका बैठकको निर्णय नं. १९ बमोजिम वडा समितिको कार्यालय वडा नं. ५ को मिति२०७८।१०।१७ च.नं १६५७ को पत्र बमोजिम उक्त साझाबजारका कोठा नं. १ र २ मासिक ६०००।(छ हजार मात्र) मा बार्षिक ५ प्रतिशत बृद्धि हुने गरी कोठा नं. १ ईमरान कवडिया र कोठा नं. २ मन्जित पुनलाई भाडामा दिने निर्णय गरियो ।

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय तुलसीपुर, दाङ लुम्बिनी प्रदेश, नेपाल २०७३

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

घनश्याम पाण्डे
प्रमुख

(मिति २०७८।१०।२३ का.पा. १२६ औं का.पा. बैठक निर्णयहरु)